# धुर्कोट गाउँपालिका
# गाउं कार्यपालिकाको कार्यालय

वर्वोट, गुल्मी , लुम्विनी प्रदेश, नेपाल

**धुर्कोट गाउँपालिका क्षेत्र भित्रबाट ढुङ्गा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्रि कर र कवाडीजन्य वस्तु निकासी कर असुल गर्ने सम्बन्धी**

## वोलपत्र आह्वानको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०५/११**

यस धुर्कोट गाउँपालिकाबाट आर्थिक वर्ष ०८१/८२ को अवधिका लागि धुर्कोट गाउँपालिकाको निर्णय बमोजिम तपशिलका स्थानहरुवाट ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्रि कर र गाउपालिकाको क्षेत्र भित्रवाट फलाम ,सिसा ,कागज लगायत कानूनले तोकेका अन्य कवाडीजन्य वस्तुको निकासी कर संकलन गर्न बढाबढद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले तपशिल बमोजिमका शर्तको अधिनमा रहि तोकिएको अवधिभित्र शिलवन्दी वोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. यो सूचना प्रकाशित अनुसार मिति २०८१/०६/०९ गते सम्म कार्यालय समय भित्र यस कार्यालयमा सम्बन्धित आपूर्ती कर्ता वा अधिकार प्राप्त प्रतिनिधिले नविकरण गरेको फर्म वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्र, आर्थिक वर्ष ०८०/०८१ को कर चुक्ता प्रमाणपत्र, नविकरण गरेको निर्माण व्यवसायी इजाजत पत्र संलग्न राखि निवेदन पेश गरे पश्चात् नियमानुसार छुट्टाछुट्टै बोलपत्र फारम तोकिएको दस्तुर वुझाई यस कार्यालयबाट उपलब्ध गराइने छ ।

२. पेश गर्ने शिलबन्दी वोलपत्र मिति २०८१/०६/१० गते) दिउसो १२.०० बजे सम्म कार्यालयमा पेश गरि सक्नु पर्नेछ । रित नपुगी वा म्याद नाघि आएका वोलपत्र उपर कुनै कारवाही हुने छैन ।

३. वोलपत्र साथ आफुले कबुल गरेको अङ्कको ३ प्रतिशत धरौटी रकम धुर्कोट गाउँपालिकाको सनराइज बैंक लि. बर्वोट, गुल्मीमा रहेको धरौटी खाता नं.०९१०५०१३०७७०१००२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ । साथै बैंक ग्यारेन्टीलाई समेत मान्यता दिइने छ ।

४. तोकिएको समय भित्र पेश भएका वोलपत्र सोही दिनको दिउसो २.०० बजे कार्यालयमा खोलिने छ ।

५. स्वीकृत कवोल गरेको रकम वढीमा तीन किस्ता गरि बुझाउनु पर्नेछ । सम्झौता गर्दा एक मुष्ठ बुझाउन चाहेमा आफुले कबोल गरेको अङ्कको १० प्रतिशतले हुने रकम छुट दिईनेछ ।

६. कबोल रकम अंङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

७. वोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौतापूर्व प्रथम किस्ता बापत कवोल अंकको २५ प्रतिशत रकम दाखिला गर्नु पर्नेछ । अन्य किस्ताको धितो बापत बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) बनाइ पेश गर्नुपर्ने छ । नियमानुसार लाग्ने सम्पूर्ण कर निर्माण व्यवसायी स्वयंले व्यहोर्नु पर्नेछ ।

८. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार धुर्कोट गाउँपालिकामा निहित रहनेछ ।

९. ठेक्का कबोल गर्ने पक्षले गाउँपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसिदहरु आफ्नो तर्फबाट छपाई यस कार्यालबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसीदबाट कर उठाएको उजुरी आएमा नियमानुसार कार्वाही हुनेछ ।

१०. धुर्कोट गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्म/कम्पनीहरुको दरभाउ पत्र स्वीकृत हुने छैन ।

११. वोलपत्र सम्बन्धी सूचना यस कार्यलयको सूचना पाटी तथा गाउँपालिकाको वेवसाईट www.dhurkotmun.gov.npमा पनि हेर्न सकिने छ ।

१२. अन्य शर्तहरु सम्झौताका बखत सम्झौता पत्रमा निर्धारण हुनेछ ।

१३. यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**१४. अन्य थप जानकारीको लागि ९८५७०६७९१७, मा सम्पर्क गर्न सक्नु हुनेछ ।**

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

तपशिल

| ठेक्का नं. | मालवस्तुको विवरण | उत्खनन परिमाण घन फिट | न्युनतम कवोल अङ्क भ्याट वाहेक | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ८ /०८१/८२ | छल्दीखोला हुलाके देखि सिमलटारी सम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्नेछल्दीखोला र विभिन्न खोलाहरुको बगरक्षेत्र बाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको उत्खनन, संकलन र विक्रि कर असुली | ३०६२३०.४ | १८,३७,३८२।४ | रु.३,०००।- | |
| ९ /०८१/८२ | पनाहाखोला कपासे देखि ठुल्दी सम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्ने पनाहाखोला र विभिन्न खोलाहरुको बगरक्षेत्र बाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको उत्खनन, संकलन र विक्रि कर असुली | ११६०७१.२ | ६,९६,४२७.२ | रु.३,०००।- | |
| १० /०८१/८२ | पनाहाखोला ठुल्दी देखि जुरेढुङ्गा सम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्ने पनाहाखोला र विभिन्न खोलाहरुको बगरक्षेत्र बाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको उत्खनन, संकलन र विक्रि कर असुली | १४४५०६.८८ | ८,६७,०४१.२८ | रु.३,०००।- | |
| ११/०८१/८२ | पनाहाखोला जुरेढुङ्गा देखि वडाचौर सम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्ने पनाहाखोला र विभिन्न खोलाहरुको बगरक्षेत्र बाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको उत्खनन, संकलन र विक्रि कर असुली | ४६७०६.२५ | २,८०,२३७.५ | रु.३,०००।- | |
| १२/०८१/८२ | गाउपालिकाको क्षेत्र भित्रवाट फलाम ,सिसा ,कागज लगायत कानूनले तोकेका अन्य कवाडीजन्य वस्तुको निकासी कर संकलन कार्य | | ८५,०००। | रु.३,०००।- | |

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत